# National News

14/01/2026

<u>मुख्य  समाचार....</u>

१. प्रधानमन्त्री नरेन्द्र मोदीले माटोको स्वास्थ्य कायम राख्ने, पानीको संरक्षण गर्ने र भावी पुस्ताका लागि स्रोत शाधनको विवेकपूर्ण प्रयोग गर्ने आवश्यकतामा जोड़ दिनुभएको छ।

२. प्रधानमन्त्रीले ऱाष्ट्र निर्माणमा किसानहरू बलियो साझेदार भएको र उनीहरूको प्रयासले आत्मनिर्भर भारत अभियानलाई धेरै सशक्त बनाएको भन्नभएको छ।

३. श्री मोदीले मकर  संक्रान्ति, उत्तरायण, माघ विहू र अन्य पर्वहरूको अवसरमा राष्ट्रलाई शुभकामना दिनुभएको छ।

४. भारतले आफ्ना नागरिकहरूलाई व्यावसायिक उड़ानहरू लगायत उपलब्ध यातायातका माध्यमबाट इरान छोड़ने सल्लाह दिएको छ।

५. रक्षामन्त्री राजनाथ सिंहले सशस्त्र  बलका पूर्व सैनिकहरू राष्ट्रीय चेतनाका जीवन्त स्तंभ सामूहिक साइसका प्रतीक र भावी पुस्ताका लागि प्रेरणा स्रोत हो, भन्नुभएको छ।

६. इण्डिया ओपन ब्याडमिन्टनमा पूर्व विश्व नम्बर एक किदाम्बी  श्रीकान्तले पुरूष एक  राउन अउ ३२ मा थरून मन्नेपल्लीलाई परालित गरेका छन्।

<u>प्रधानमन्त्री</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले माटोको स्वास्थ्य कायम राख्ने पानीको संरक्षण गर्ने र भावी पुस्ताका लागि स्रोतसाथनको विवेकपूर्ण प्रयोग गर्ने आवश्यकतामा जोड़ दिनु भएकोछ। उहाँले भन्नुभयो मिसन लाइफ , एक पेड माँ के नाम र अमृत सरोवर जस्ता पहलहरूले यही भावनालाई बढावा दिन्छन्। आज नयाँ दिल्लीमा केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल मुरूगनको निवासमा आयोजित पोंगल समारोहमा भाग लिएपछि भेलालाई सम्बोधन गर्दै श्री मोदीले यो कुरा बताउनुभयो। उहाँले जोड़ दिनुभयो जब पृथ्वीले मानिसहरूलाई यति धेरै स्रोतसाधन दिन्छ  , तब यसको संरक्षण गर्नु मानिसहरूको जिम्मेवारी हो। प्रधानमन्त्री सरकारले कृषिलाई अझ दिगो र वातावरणमैत्री बनाउन निरन्तर काम गरिरहेको बताउनुभयो।

## प्रधानमन्त्री – पोंगल

प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्र निर्माणमा किसानहरू बलियो साझेदार भएको र उनीहरूको प्रयासले आत्मनिर्भर भारत अभियानलाई धेरै सशक्त बनाएको भन्नुभएकोछ। उहाँले भन्नुभयो, केन्द्र किसानहरूलाई सशक्त बनाउन प्रतिबद्ध छ र यस दिशामा अथक प्रयास गरिरहेको छ। श्री मोदीले आज नयाँ दिल्लीमा केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री डा.एल मुरूगनको निवासमा आयोजित प्रधानमन्त्री समारोहमा भाग लिएपछि भेलालाई सम्बोधन गर्दै यसो भन्नुभयो।...

प्रधानमन्त्रीले भन्नुभयो, पोंगलले जीवन्त तमिल संस्कृति र प्रकृतिसँगको सम्बन्धलाई मनाउँछ। पोंगल अब विश्वव्यापी पर्व बनेको छ र यसले देशका किसानहरूको कड़ा परिश्रमको उत्सव मनाउँछ। प्रधानमन्त्रीले भन्नुभयो  तमिल संस्कृति सम्पूर्ण  राष्ट्रको साझा सम्पदा मात्र होइन तर सम्पूर्ण मानवताको साझा सम्पदा पनि हो।

मिडियासँग कुरा गर्दै डा. मुरूगनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो निवासमा पोंगलको अनुष्ठानमा उपस्थित भएकोमा कृतज्ञता व्यक्त गर्नुभयो।

## मकर संक्रान्ति

आज देशभर मकर संक्रान्ति पर्व ठूलो उत्साहका साथ मनाइँदैछ। मकर संक्रान्तिले जाड़ोको अन्त्य र लामो दिनको सुरूवातलाई जनाउँछ। यो पर्व देशका विभिन्न भागहरूमा फरक- फरक नामले चिनिन्छ। तमिलनाडुमा यसलाई पोंगल, गुजरातमा उत्तरायण, आसाममा भोगाली बिहु र पश्चिम बंगालमा पौष संक्रान्ति भनिन्छ।

## प्रधानमन्त्री मकर संक्रान्ति

प्रधानमन्त्री नरेन्द्र मोदीले मकर संक्रान्ति, उत्तरायण र माघ बिहूको अवसरमा राष्ट्रलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्चालमा पोस्ट गर्दै प्रधानमन्त्रीले मकर संक्रान्तिको पवित्र पर्वले सबैको जीवनमा खुशी स्वास्थ्य र कल्याण लिएर आओस् भन्ने आशा व्यक्त गर्नुभएको छ। श्री मोदीले माघ बिहूले फसल, समृद्धि र एकताको आनन्द मनाउने बताउनुभएको छ। प्रधानमन्त्रीले कृतज्ञता र सद्भावको भावनाले देशलाई उज्वल र समृद्ध भविष्यतर्फ डोर्याइरहोस् भन्ने कामना पनि गर्नुभएको छ।

## संशो विदेश मंत्रालय परामर्श

भारतले आफ्ना नागरिकहरूलाई व्यावसायिक उडानहरू सहित उपलब्ध यातायातका माध्यमबाट इरान छोड्न सल्लाह दिएको छ। आफ्नो सल्लाहकारमा, तेहरानस्थित भारतीय दूतावासले हेल्पलाइन नम्बरहरू पल्स 9891128109115, पल्स 9891128109109, पल्स 989128109102, पल्स 989932179359 जारी गरेको छ। दूतावासलाई cons.tehran@mea.gov.in मा इमेल मार्फत पनि सम्पर्क गर्न सकिन्छ। यसैबीच, विदेश मन्त्रालयले फेरि एक पटक भारतीय नागरिकहरूलाई अर्को सूचना नभएसम्म इरानको यात्रा नगर्न कड़ा सल्लाह दिएको छ। पहिलेको सल्लाहकारमा, मन्त्रालयले भारतीय नागरिकहरूलाई पश्चिम एसियाली देशको गैर – आवश्यक यात्रा नगर्न आग्रह गरेको थियो।

## राजनाथ सिंह सैनिक दिवस

रक्षामन्त्री राजनाथ सिंहले आज सशस्त्रबलका पूर्व सैनिकहरू राष्ट्रिय चेतनाका जीवन्त स्तम्भ, सामूहिक साहसका प्रतीक र भावी पुस्ताका लागि प्रेरणाका स्रोत भएको बताउनुभयो। नयाँ दल्लीमा सशस्त्र बल पूर्व सैनिक दिवसलाई सम्बोधन गर्दै मन्त्रीले पूर्व सैनिकहरूले राष्ट निर्माणको हरेक मोर्चामा योगदान पुर्याउँछन् र अनुशासन, नेतृत्व र साहस जस्ता आफ्ना गुणहरूले समाजलाई मार्गदर्श गर्छन भनी भन्नुभयो।...

श्री सिंहले जोड़ दिँदै भन्नुभयो उनीहरूको उर्दीको रंग र कार्यस्थलको परिवर्तन हुन सक्छ तर देशभक्ति र सेवाको भावना उस्तै रहन्छ। श्री सिंहले पूर्व सैनिकहरूलाई युवाहरूलाई आफ्नो अनुभवबाट मार्गदर्शन गर्न र अग्निवीर र युवा सैनिकहरूलाई सही दिशा प्रदान गर्न आग्रह गर्नुभयो। रक्षामन्त्रीले शिक्षा, सीप विकास र विपद् व्यवस्थापन लगायतका क्षेत्रमा दिग्गजहरूको सहभागिताले भावी पुस्ताहरूमा सकारात्मक र दिगो प्रभाव पार्न सक्ने कुरामा जोड़ दिनुभयो।

उहाँले थप भन्नुभयो कि सरकारले वन रैंक वन पेंशन को लामो समयदेखिको पूर्व सैनिकहरू को माग पूरा गरेको छ।

## मिसरी – चीन बैठक

परराष्ट्र सचिव विक्रम मिसरीले आज नयाँ दिल्लीमा चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हैयानसँग भेटवार्ता गर्नुभयो। एक विज्ञप्तिमा, विदेश मन्त्रालयले भनेको छ कि उनीहरू दुवैले व्यापार र जनता- केन्द्रित गतिविधिहरूलाई प्राथमिकता दिँदै द्विपक्षीय सम्बन्धलाई स्थिर र पुनर्निर्माणमा भएको प्रगतिबारे छलफल गर्नुभयो।

## ब्याडमिन्टन – इन्डिया ओपन

इन्डिया ओपन ब्याडमिन्टन प्रतियोगितामा पूर्व विश्व नम्बर एक किदाम्बी श्रीकान्तले पुरूष एकल राउन्ड अप ३२ मा आफ्नै भारतीय खेलाड़ी थरून मन्नपल्लीलाई १५-२१, २१-६ , २१-१९ ले पराजित गरे। एचएस प्रणयले आफ्नो पहिलो राउन्डको भिडन्तमा हङकङका ली चेउक यिउलाई पनि २२,२०, २१-१८ ले पराजित गरे।